हिमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश,नेपाल

# प्रतिवद्धता

आज मिति २०७९ जेष्ठ महिनाको १७ गतेका दिन यस हिमा गाउँपालिका अध्यक्ष श्री लक्ष्मण वहादुर शाही, उपाध्यक्ष श्री सुर्पना शाही, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुख ज्यू को सहभागितामा बैठक बसि निम्न विषय माथि प्रतिवद्ध गदर्छौ ।

१. हिमा गाउँपालिकाको सात वटै वडाहरुमा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी आधाभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्न प्रतिवद्ध छौं ।

२. त्रैमासिक रुपमा विशषज्ञ स्वास्थ्य शिविर संचालन गर्न प्रतिवद्ध गर्दछौं ।

३. अर्ध-बार्षिक रुपमा आँखा शिविर संचालन गर्ने प्रतिवद्धता गर्दछौं ।

४. घरमा हुने सुत्केरीहरुलाई शुन्यमा पुऱ्याउने प्रतिवद्धता गर्दछौं ।

५. जेष्ठ नागरिकका लागि घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

६. हिमा सरकारले घोषणा गरेको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वय गर्न प्रतिवद्धता गर्दछौं ।

७. हिमा सरकारले घोषणा गरेको जेष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती तथा सुत्केरी, गरीव तथा विपन्न परिवारहरुलाई निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउन हामी प्रतिवद्धता गर्दछौं ।

८. प्रत्येक महिनाको पहिलो दिन स्वास्थ्य सरसफाई कार्यक्रम संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

९. प्रत्येक महिनाको अन्तिम दिन गाउँपालिका अन्तरगतका आधारभुत तथा माध्यामिक विद्यालयहरुमा किशोर किशोरीहरुलाई स्वास्थ्य सम्वन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

१०. वाल विवाह, बहु विवाह, छुई प्रथा, योन हिंसा, घरेलु हिंसा, वलत्कार जस्ता जगन्य अपराध तथा विकृतिहरुलाई न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचलान गर्न प्रतिवद्धता गर्दछौं ।

CS Scanned with CamScanner

११. सवै स्वास्थ्य संस्थाहरुमा इन्टेरनेट, विद्युतिय हाजिर, सि.सि. क्यामरा, सोलार सिष्टम जडान गरि संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

१२.सुत्केरी महिलाहरुका लागि उपाध्यक्ष (पोषण कोशेली) कार्यक्रम संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

१३. हिमा गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचाहरीहरु नियमितरुपमा प्रभावकारी सेवा संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

१४. हिमा गाउँपालिकाका सवै वस्तीहरुमा घुम्ती स्वास्थ्य सेवा संचालन गर्न प्रतिवद्धता गर्दछौं ।

१५. पन्ध्र (१५) शैयाको आधारभुत अस्पताल निर्माणको लागि प्रकृया अगाडी बढाउने प्रतिवद्धता गर्दछौं ।

## उपस्थित

| नाम | कार्यालय ठेगाना |
|---|---|
| श्री लक्ष्मण बहादुर शाही | अध्यक्ष, हिमा गाउँपालिका |
| श्री सुर्पना शाही | उपाध्यक्ष, हिमा गाउँपालिका |
| श्री रण बहादुर बुढा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री रतन बहादुर रावत | स्वास्थ्य शाखा प्रमुख |
| डा. विश्वनाथ शर्मा | मे.अ. प्रा.स्वा.के. कालिकाखेतु |
| श्री टेक बहादुर बुढा | सि.अ.हे.व. महावैपाथरखोला स्वा.चौ. |
| श्री शंकर धिताल | शिक्षा अधिकृत, |
| श्री दिपक महतारा | लेखापाल, हिमा गाउँपालिका |
| श्री यमराज शाही | आ.ले.प. |
| श्री छेपाल लामा तामाङ | महिला तथा वालवालिका शाखा |
| श्री पद्मा रावत | हे.अ. वड्की स्वा.चौ. |
| श्री मान बहादुर रोकाया | अ.हे.व. आ.स्वा.स.के. ओदी |
| श्री मुना खत्री | अ.न.मी. आ.स्वा.स.के. लतिकुडु |
| श्री धर्मादेवी शाही | अ.न.मी, सा.स्वा.इ. बाजाँगाड |

हिमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कालिकाखेतु, जुम्ला कर्णाली प्रदेश,नेपाल

CS Scanned with CamScanner